# ऐतिहासिक पत्रस्तम्भ

पत्र संख्या:—२२

पठाउनेको नाम:—कुलानन्द जैशीका नातिहरू।

पाउनेको नाम:—श्री ५

विषय:—श्री ५ पृथ्वी नारायण शाहले मुलुक मारेको साइत मिति १६७७–१६९१ साके तकको

मिति:—१८९० जेष्ठ शुदी १० रोज ३

स्वस्ति श्री सम्वत् १८९० साल मिति ज्येष्ठ शुदि १० रोज ३ मा नेपाल गैह्र मुलु मार्‍याको सायत कुलानन्द जैशिका नातिहरूबाट आयाको— — —

श्री साके १६७७ मासे २ मलमासे दिन १६ सोमवासरे. दिनगत घटिका ५ चौविसले सिरांचोक मार्‍याको— — — — —

श्री साके १६७७ मासे ४ दिनगता १० भौम वासरे. रात्रौ गत घटिका २३ रामच्याठाना हाल्याको—

श्री साके १६७७ १८ मासे ४ दिन गता १४ सनीवासरे. दिन गत घटिका १८ पला० सिरांचोक गोर्षाले लूटयाको पाछु पार्‍याको लमजं ग्वाकन— — —

श्री साके १६७९ मासे २ दिन गता १९ वारे ७ किर्तिपुरमा जुद्ध भयाको काजि कालुपांडे चामुसैला पर्‍याको— — — — —

श्री साके १६८१ मासे ३ दिन गता २१ आधारात उप्रान्त किलो गाड्याको.सिउपुरिमाहा— — —

श्री साके १६८१ मासे १० दिन गता १ काम्पाकिलो गाड्याको. अर्धरात्र उप्रान्त

श्री साके १६८३ मासे २ दिन गता ३० सोमवासरे रात्रौ गतघटिका १७ पला ४५ रात्री सेषघटि ७ पला ९ चौकोट मार्‍याको— — —

श्री साके १६८४ मासे ५ दिन गता ९ सनिवासरे. रात्रौ गतघटिका २ मकवानपुर हात भयाको प्रवेष ३— — — — —

श्री साके १६८४ मासे ६ दिन गता २ भौम वासरे——— ———तिमाल हाम्रा हात भयो सभै— — — —

श्री साके १६८४ मासे ६ दिन गता ९ भौमवासेर. दिन गतघटिका १५ सिधुलिमा किलो गाड्या ठानु हाल्याको— — —

श्री साके १६८४ मासे ६ दिन गता २० सनिवासरे. दिनगतघटिका १८ पला २६ लग्न ९ सिधुलि कोट प्रवेश— — —

श्री साके १६८४ मासे ६ दिन गता २२ सोमवासरे. रात्रौ गतघटिका २८ पला १० लग्न ६ हरिहरपुर फत्य भयाको— — —

श्री साके १६८४ मासे ९ दिन गता २२ रविवासरे. दिनगतघटिका २ परेवाकोटमा झुलवया घाम माहा— — —

श्री साके १६८४ मासे ९ दिन गता २८ सनोवासरे. दिनगतघटिका २१ पला १ कत्रिलास हात भयाको

श्री साके १६८५ कार्तिक मासे दिन १० रविवासरे दिनगतघटिका ११ पला ४५ धुलीषेलकोट प्रवेश—

श्री साके १६८५ मासे ७ दिन गता ११ सोमवासरे. चौकोट प्रवेस — — —

श्री साके १६८५ मासे ७ दिन गत ११ सोम—वासरे पनौटी प्रवेश— — —

श्री साके १६८५ मासे ७ दिन गता ११ सोम—वासरे षडपु प्रवेश— — —

श्री साके १६८५ मासे ७ दिन गता १४ गुरुवासरे. दिनसेष घटि ३ वनेपा प्रवेश— — —

श्री साके १६८५ मासे ७ दिन गता १४ गुरुवासरे. रात्रौ गत घटिका पला १५ सांगा प्रवेश— —

श्री साके १६८५ मासे ७ दिन गता १४ गुरुवासरे रात्रौ गत घटिका नाला प्रवेश— — —

श्री साके१ ६८५ मासे ७ दिन गता १५ शुक्रवासरे. रानीकोट हात भयाको हो— — —

श्री साके १६८५ मासे ७ दिन गता २० फूबिग सत्रु भंग— — —

श्री साके १६८५ मासे ७ दिन गता २२ विसंषु प्रवेश—

श्री साके १६८६ मासे ५ दिन गता २ भौमवासरे. चोभार पस्याको— — —

श्री साके १६८६ मासे ५ दिन गत २ भौमवासरे पांगा पस्याको — — —

श्री साके १६८६ मासे ६ दिन गता ४ रवीवासरे दिनगतघटिका १२ पला १ किर्तिपुर जुझ भयाको———

श्री साके १६८८ मासे २ दिनगता १ शुक्रवासरे रात्रौ गतघटिका २ उप्रान्त लुटिकोटमाथिबाट ठानु हाल्याको गढी भित्रका सत्रु भंग रात्र माहा— — —

श्री साके १६८७ मासे १२ दिन गता ३ बुधवासरे. रात्रौ गतघटिका १२ आधाकिर्तिपुर पस्या. प्रवेश हाम्रा काजि आधा घांगरि आयाको रा.ग.घ. ३ सबै हात भयो काजि फौजका— — —

श्री साके १६९० मासे ६ दिन गता १३ रवि—वासरे रात्रौ गतघटिका २२ पला ४२ लग्न ५ काठमाडौ सहर पस्याको दिन हो— — —

श्री साके १६९० मासे ६ दिन गता २४ गुरुवासरे——पाटन फु ग्याको दिन हो—

श्री साके१६९१ मासे ७ दिन गता २९ शुक्रवासरे. तिन दिनसम्म जुझ भयो. भादगाउँ फत्ये— —

पत्र संख्याः—२३

पठाउनेको नामः—श्री ५ पृथ्वीनारायण शाह मुकाम-नुवाकोट

पाउनेको नामः—देवु राना, धन्या खड्का, अभिमानसिं बस्नेत

विषयः—चामु गुरुङ्गलाई पठाइ दिएको छ—जागिर दिनू भन्ने

मितिः—फाल्गुन शुदि ११ रोज १

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविध विरुदावलि राजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री मत्पृथ्वीनारायण साहदेवानां सदा समरविजयीनाम— — — —

स्वस्ति श्री राजभारा सामर्थ श्री देवुराना. धन्या षड्का. अभिमान बस्न्यातके आशीष. पूर्वक पत्र-मिदं इहाँ कुशल ताहाँ कुशल चाहिए. आगे इहाँको समाचार भलो छ. उप्रान्त् वली गुरुको छोरो. चामु गुरुंग कन. ताहाँ पठाइदियाको छ. लाषाजुंग तिर माहि रागिनासतिरका पट्टीमहा भाक्रो १ बलमाफिक जागिर देउ. हामि छेउता १३ धन र. १७ षुंडा छन्. भनि बिंति गर्दछ. ताहा बल हेरि बल माफिक जागिर-देउ परंतु मानिस पनि भलो छ. मिहनत पनि गरिराषे-छ. एसकन जागिर अवश्य देउ. इति फाल्गुन शुदि ११ रोज १ मुकाम नुवाकोट शुभम्—